नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)
सानोठिमी, भक्तपुर

## रजिष्ट्रेशन आवेदन फाराम भर्ने सम्बन्धी सूचना

शैक्षिक सत्र २०८०/८१ मा कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरूको रजिष्ट्रेशन आवेदन फाराम प्रविष्टी (Entry), रकम दाखिला एवं फाराम बुझ्ने/बुझाउने सम्बन्धमा तपसिल अनुसार गर्न/गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित सूचना अनुसार माध्यमिक शिक्षा परीक्षा (SEE) मा न्यूनतम १.६ GPA प्राप्त गर्ने विद्यार्थीहरूले कक्षा ११ मा अध्ययन गर्न पाउने हुँदा सोही बमोजिम भर्नाका आधारलाई पालना गरी रजिष्ट्रेशन आवेदन फाराम भर्नुपर्ने छ ।

२. रजिष्ट्रेशन आवेदन फारामका साथ प्रधानाध्यापकबाट प्रमाणित गरिएको माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० को ग्रेडसिटको प्रतिलिपी संलग्न गर्नुपर्ने छ ।

३. रजिष्ट्रेशन आवेदन फाराम बापत बोर्डमा बुझाउनुपर्ने रकम २०८० पौष १५ गतेसम्म विलम्ब शुल्क रहित (प्रति विद्यार्थी रु. ४००।-) बोर्डका सम्बन्धित कार्यालयको खातामा दाखिला गरिसक्नुपर्ने र सो समयमा रकम दाखिला गर्न नसक्ने विद्यार्थीहरुको हकमा २०८० पौष मसान्तभित्र विलम्ब शुल्क सहित (प्रति विद्यार्थी रु. ८००) का दरले हुन आउने रकम दाखिला गरी मिति २०८० माघ १५ गतेभित्र सम्बन्धित विद्यालयहरुले बैंक भौचर र रजिष्ट्रेशन आवेदन फाराम (Softcopy र hardcopy) बोर्डको सम्बन्धित कार्यालयमा बुझाइ सक्नुपर्ने छ ।

४. राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०७९/०५/१९ गतेको निर्णयानुसार साधारण धारतर्फ कक्षा ११ र १२ मा पठन पाठन हुने विषयहरूको समूहीकृत गर्दा **Computer Science (4271/4281)** विषयलाई **दोस्रो समूह** अन्तर्गत समूहीकृत गरिएको हुँदा सोही बमोजिम एक समूहबाट एक विषय मात्र छनौट गरी रजिष्ट्रेशन फाराम भर्नुपर्ने छ ।

५. अतिरिक्त विषय अध्ययन गर्न चाहने विद्यार्थीहरूले समेत अनिवार्य रुपमा आफूले अध्ययन गर्न चाहेको विषय रजिष्ट्रेशन फारममा उल्लेख गर्नुपर्ने छ ।

६. रजिष्ट्रेशन आवेदन फाराम विद्यार्थी स्वयंले भरेको हुनुपर्नेछ । विद्यार्थीहरूको उक्त विवरणलाई सम्बन्धित विद्यालयले अनलाईन (Online) मार्फत प्रविष्टी (Entry) गर्ने व्यवस्था मिलाइनेछ । अनलाईन (Online) प्रविष्टी (Entry) गर्नका लागि बोर्डको Website: http://exam.neb.gov.np मिति २०८० मंसिर २० गतेबाट खुल्ला गरी २०८० माघ १४ गते बन्द गरिने भएकोले सोही अनुसार समयमै रजिष्ट्रेशन फारामको अनलाईन प्रविष्टी (Online Entry) गर्नुहुन सम्पूर्ण विद्यालयहरूलाई अनुरोध गरिन्छ ।

७. रजिष्ट्रेशन फाराम Online Entry सम्बन्धी Guideline र Video बोर्डको Website मा राखिएकोले तहाँबाट समेत थप जानकारी प्राप्त गरी रजिष्ट्रेशन फाराम भर्न/भराउनुहुन समेत अनुरोध गरिन्छ ।

***पुनश्च:*** राष्ट्रिय परीक्षा बोर्डका सम्पूर्ण कार्यालयहरूले आ-आफ्नो कार्य क्षेत्रभित्रका विद्यालयहरूलाई जानकारी गराई यसै सूचना बमोजिम गर्नु/गराउनुहुन अनुरोध छ ।

– परीक्षा नियन्त्रक